आज मिति २०७५ साल असार ३ गतेका दिन व्यास नगरपालिका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति एवं निर्णयहरु निम्नानुसार रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मीरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| **कार्यकारीणी सदस्यहरु** | | |
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद बांस्तोला | उपस्थित |
| वरिष्ठ आ.ले.प.अ | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| क.अ. | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**निर्णयहरु**

**निर्णय नं.१:** यस व्यास नगरपालिकाको संघीय संरचना पछिको तेस्रो नगर सभा बैठक मिति २०७५/०३/१० गते दिनको २.०० बजे आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** आगामी आ.व.का लागि नगर दररेट निर्धारण गर्न नगर प्रमुखज्यूको संयोजकत्वमा निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुन्ठ न्यौपाने | संयोजक |
| उप प्रमुख | श्री मीरा जोशी | सदस्य |
| वडाध्यक्ष | श्री सतिशचन्द्र न्यौपाने | सदस्य |
| वडाध्यक्ष | श्री तुलसीराम सापकोटा | सदस्य |
| वडाध्यक्ष | श्री सुरेश थापा | सदस्य |

| | |
|---|---|
| निर्माण व्यवसायी सघंको प्रतिनिधि | सदस्य |
| उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| इन्जिनियर श्री रविन्द्रलाल मूल | सदस्य |

**निर्णय नं ३:** व्यास न.पा.को निर्माणधीन बहुउद्देश्यीय भवन निर्माणको क्रम अन्तिम चरणमा पुगेको र त्यसमा रहेका सटर, पार्किङ्ग र वित्तीय संस्थाहरुलाई भाडामा लगाउन ३० दिने सूचना प्रकाश गरी भुई तला पार्किङ्ग शुल्क वार्षिक ६,००,०००। मा र अन्य सटर तथा वित्तीय संस्था राख्न सटर भाडा दर निर्धारण समितिको प्रतिवेदनअनुसार प्रकृया अगाडि बढाउने निर्णय गरियो । पुराना सटरहरुको हकमा कागज पत्र अध्ययन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** व्यास नगरपालिकाले लगाउदै आएको घर वहाल कर ज्यादै न्यून भएकाले अबदेखि निम्नानुसार घर वहाल कर लिने निर्णय गरियो ।

(क) संस्थागत घर वहाल कर १० (दश) प्रतिशत

(ख) व्यक्तिगत घर वहाल कर ५ (पांच) प्रतिशत

**निर्णय नं.५:** व्यास नगरपालिकाले लगाउदै आएको निम्न ठेक्काहरु निम्नानुसारको रकम उठाउने गरी ठेक्का लगाउने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

(क) छाब्दी वाराही मन्दिर बसपार्क पार्किङ्ग शुल्क रु.२,००,०००। (दुई लाख)

(ख) व्यास ११ को ढुंगा खानी रु.२०,००,०००। (बीस लाख)

**निर्णय नं.६:** व्यास नगरपालिकाद्वारा खरिद भएका ह्युम पाइपहरु पूर्वाधार विकास समितिको सिफारिसमा आवश्यक स्थानमा राख्नका लागि वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.७:** व्यास नगरपालिकाका लागि आवश्यक विद्युत पोल खरिद सम्बन्धी सिलबन्दी बोलपत्रमा पर्न आएका बोलपत्रहरुमध्ये श्री भगवती स्टिल इण्डष्ट्रिज प्रा.लि. काठमाण्डौले कवोल गरेको रकम रु.४४,०७,०००। (चौवालीस लाख सात हजार) (भ्याट समेत) को मूल्यांकन समितिको सिफारिस अनुसार स्वीकृत गरी खरिद प्रकृयालाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** व्यास न.पा.को संघीय संरचना पछिको तेस्रो नगर सभा आगामी २०७५ आषाढ १० गते हुने भएकाले सो सभालाई व्यवस्थित रुपमा सम्पन्न गर्न निम्नानुसारको तयारी समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | श्री हरिप्रसार बांस्तोला | संयोजक |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.सी | सदस्य |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | सदस्य |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | सदस्य |
| सूचना अधिकृत | श्री गोकर्णराज वाग्ले | सदस्य |
| वित्त सहायक | श्री हेमन्त गुरुङ्ग | सदस्य सचिव |

**निर्णय नं ९:** व्यास न.पा.मा माग भएका निम्न योजना तथा कार्यक्रमहरुमा निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | वडा नं | योजना /कार्यक्रमको नाम | बिनियोजित रकम |
|---|---|---|---|
| १ | ५ | श्रीकृष्ण दल गण | २,२४,०००। |
| २ | ३ | श्री जिल्ला प्रहरी कार्यालय तनहुं राडार खदिर समेत | १,५०,०००। |
| ३ | ११ | मुक्ति नारायण मोटर मार्ग | १,००,०००। |
| ४ | ९ | सिस्नेरी रानीपानी कजवे निर्माण | ४,५०,०००। |
| ५ | ९ | गौरी बाह्रबिसे कटहरे खानेपानी योजना | १,००,०००। |

| | | | |
|---|---|---|---|
| ६ | | भन्सार युवा क्लव (आदिकवि भानुभक्तको स्मृतिमा हूने कार्यक्रम | ३०,०००। |
| ७ | ११ | वेलटारी मुलपानी ठूलोचौर मोटर मार्ग | ५०,०००। |
| ८ | ११ | निर्वु सामुदायिक भवन छाना छाउने थप | ७२,०००। |
| ९ | ११ | सिसा बुल्टी बहूउद्देश्यीय कृषक समूह रोपाई महोत्सव | ५०,०००। |
| १० | ७ | बांग्रेखेत कुलो मर्मत | १,००,०००। |
| ११ | १० | सर्वज्योति मा.वि. बालबालिका खेलकूद सामग्री खरिद | ५०,०००। |
| १२ | १० | दरै संस्कृतिक भवनमा शौचालय निर्माण आदीवासी बजेट | १,००,०००। |
| १३ | १० | मादी पुलबाट बैरेनी जाने २.५ कि.मी. बाटो मर्मत | १,००,०००। |
| १४ | ८ | विपत | १०,०००। |
| १५ | ७ | आसबहादुर गुरुङ्गलाई उपचार खर्च (न.पा. कर्मचारी) | ४०,०००। |
| १६ | २,३र५ | वडा नं ३ को खेलकूद मैदानको ग्राभेल ढुवानाी समेत | १,८९,५८९। |
| १७ | | छाब्दी जनजागृति आमा समूहद्वारा निर्मित सामुदायिक भवन निर्माण थप | २,००,०००। |

<u>**निर्णय नं.१०:**</u> व्यास नगरपालिका वडा नं २ को च.नं १२१८ मिति २०७५।३।१ को पत्रबाट योजनाको रकम स्थानान्तरण गर्न अनुरोध भई आएअनुसार कालिका मार्गदेखि जनजागृती टोलको कृष्णबहादुर प्रधानको घरसम्म रिपिच गर्नका लागि विनियोजन भएको रकम रु.४,००,०००। निम्न कार्यक्रममा खर्च गर्न स्वीकृति दिने निर्णय गरियो ।

(क) उत्तरशीला हल अगाडि जुनकुमार श्रेष्ठको घरबाट महेश प्रधानको घरसम्म पक्की नाला र बाटो निर्माण पुरा गर्नुपर्ने रु.१,६४,०००।

(ख) उत्तरशीला टोलमा पक्की बाटो (थप काम) निर्माण गर्नुपर्ने रु.१,५०,०००।

(ग) उत्तरशीलाबाट आएको पक्की नाला डांग्रेखोल्सीको नालामा जोड्नको लागि पक्की नाला निर्माण गर्न रु.८६,०००।

<u>**निर्णय नं ११:**</u> यस व्यास न.पा. कार्यालयमा रहेका विगतदेखि लिलाम बिक्री हुन बांकी फर्निचर लगायतका अन्य सामाग्रीहरु लिलाम गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| वरिष्ठ आ.ले.प. अधिकृत | श्री कुमार कन्चन जि.सी. | संयोजक |
| कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि | | सदस्य |
| इन्जिनियर | श्री विरेन्द्र थापा | सदस्य |
| ना.सु. | श्री कृष्णप्रसाद पौडेल | सदस्य सचिव |

<u>**निर्णय नं.१२:**</u> यस व्यास नगरपालिका वडा नं ३ स्थित अनसन चौतारी निर्माण गर्न व्यास न.पा. बोर्डको मिति २०७४/१२/२२ को निर्णय अनुसार ५,००,०००। विनियोजन भएकोमा नपुग थप रु.३,३७,०००। समेत जम्मा रु.८,३७,०००। को योजना स्वीकृत गरिन्छ ।